**निर्णय नं. १ :**

**सैनामैना नगरपालिकाले आर्थिक वर्ष २०७४/०७५ मा निम्नानुसार प्रमुख नीति तथा कार्यक्रमहरु अवलम्बन गर्ने निर्णय गरियो ।**

१. यस नगरको बृहत शहरी विकास गुरुयोजना तर्जुमा गरी व्यवस्थित शहरीकरणको अबधारणा अबलम्बन गरिनेछ ।

२. आयोजनाको दिगोपना ,प्रभावकारिता ,मितव्यीता ,कार्यकुशलता कायम गर्न मागमा आधारीत सहभागितामुलक योजना छनौट तथा कार्यान्वयन प्रणालीको अवलम्बन गरिने छ।

३. सुन्दर र सुरक्षित नगर निर्माण गर्न स्वीकृत मापदण्ड पुरा गर्ने पुर्वाधारमा मात्र लगानी गर्ने नीति अनुसरण गरिनेछ।

४. स्थानीय शासनको प्रमुखको आधारको रुपमा बालमैत्री स्थानीय शासनको अवधारणा अवलम्बन गरिने छ।

५. लक्षित तर्फको बजेट तथा कार्यक्रममा स्वरोजगारमा आधारीत आयमुलक योजना छनौटमा प्राथमिक्ता दिईने छ।

६. फोहोरमैला व्यस्थापनमा "सफा घर ,टोल र सहर; सैनामैनावासीको एउटै रहर "भन्ने नाराका साथ स्थानीय टोल सुधार समिति ,बजार व्यस्थापन समिति र निजि क्षेत्रको सहकार्य अभिबृध्दि गर्ने अवधारणा कार्यान्वयनमा ल्याइनेछ।

७. नगर क्षेत्रभित्र रहेका पुरातात्विक ,सास्कृतिक, ऐतिहासिक ,धार्मिक पर्यटकिय निधीहरुको पहिचान ,संरक्षण र प्रर्वधन गर्दै जाने निति लिइने छ।

८. सार्वजनिक जग्गाको पहिचान ,अभिलेखन ,संरक्षण र व्यवस्थापन गर्दै भु-उपयोग योजनानुसार समुचित उपयोगको निती लिइने छ।

९. दिगो विकासको प्रमुख आधारको रुपमा वातावरणमैत्री स्थानीय शासनको अवधारणा अवलम्बन गर्दै पुर्वाधार निर्माणमा वायोईन्जिनियरीङ्लाई अनिवार्य गर्ने निती लिइने छ।

१०. विकास साझेदारको योगदान र परिचालनलाई प्रभावकारी तुल्याउन र आन्तरिक आयमा अबिवृध्दि हासिल गर्न सार्वजनिक निजी साझेदारी)PPP(को अवधारणामा आधारित लगानीको निती अवलम्बन गरिने छ।

११. स्थानीय विकासमा अर्थपुर्ण जनसहभागिता प्रवर्धन गर्न आयोजनामा प्रतिस्प्रधात्मक लागत सहभागिताको निती अवलम्बन गरिने छ।

१२. व्यवस्थित सहरीकरण ,लागत प्रभावी सहरी सेवा व्यवस्थापन र कृषि भुमीको संरक्षणका लागि भु-उपयोग नितीमा आधारित ल्यान्डपुलिङ् र संयुक्त आवासको अवधारणाको संभाव्यता अध्ययन गरिने छ।

१३. आधारभुत करका दरहरुलाई न्युन राखि दायरालाई फराकिलो पार्दै स्थानीय कर प्रणालीलाई वैज्ञानिक तुल्याउने निती अबलम्बन गरिनेछ।

१४. सेवा प्रबाहलाई छरितो र जनमुखि तुल्याउन उपलब्ध स्रोत साधनको अधिकतम् उपयोग मार्फत जनताको नजिकबाट सेवा प्रवाह गर्ने निती क्रमश अवलम्बन गरिने छ।

१५. नगरको सभ्यता ,पहिचान र स्वस्थ सामाजिक जीवनको लागि नागरिक आचारसंहिता )CITY CIVIL CODE (तर्जुमा गरिनेछ।

१६. एक नगर एक उत्पादन ,एक वडा एक उद्द्यान र एक वडा एक पोखरीको नितीलाई कार्यान्वनमा ल्याउन साझेदारीको निती अवलम्बन गरिनेछ।

१७. कार्यसम्पादनमा अपेक्षित गुणस्तर हासिल गर्न नगरको Vision, Mission, Goal र तोकिएको पदको कार्यविवरणको आधारमा मिसन प्रत्येक शाखा र कर्मचारीसँग कार्यसम्पादन सम्झौता गरी सोका आधारमा प्रोत्साहन प्रणाली स्थापित गरिनेछ।

१८. सार्वजनिक वित्तीय जोखिम न्युनीकरणका लागि पेश्कीलाई निरुत्साहित गर्दै वेरुजु शुन्यको निती अवलम्बन गरिनेछ।

१९. श्रम पलायन न्यूनीकरणका लागि युवाहरुलाई शासन सञ्चालन तथा विकासको साझेदारका रुपमा परिचालन गर्ने निती लिईनेछ।

**निर्णय नं.३**

**सैनामैना नगरपालिकाको कार्यबोझ, जनसंख्या, सेवा प्रवाहमा देखिएका नविन अवधारणाहरु र घोषणा हुँदाका बखत प्राप्त दरवन्दी र संगठन संरचना समेतका आधारमा यसै आ.व. देखि लागु हुने गरी निम्नानुसारको दरबन्दी र संगठन संरचना तथा तलवी प्रतिवेदन स्वीकृती गर्ने निर्णय गरियो ।**

| क्रं. सं. | पद | स्वीकृत दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|
| १ | कार्यकारी अधिकृत, रा.प. तृतीय , प्रशासन | १ | निजामती |
| २ | स्थानीय पञ्जीकाधिकारी ,रा.प.अनं. प्रथम,प्रशासन | १ | निजामती |
| ३ | लेखापाल रा.प.अनं. प्रथम , प्रशासन | १ | निजामती |
| ४ | सिभिल इन्जिनियर ,अधिकृत छैठौं, प्राविधिक | १ | स्थानीय निकाय |
| ५ | विल्डिङ एण्ड आर्किटेक्ट इन्जिनियर, अधिकृत छैठौं, प्राविधिक | १ | स्थानीय निकाय |
| ६ | नायव सुव्वा, सहायक स्तर पाँचौं ,अप्राविधिक | ७ | स्थानीय निकाय |
| ७ | सव इन्जिनीयर सहायक स्तर पाँचौं ,प्राविधिक | २ | स्थानीय निकाय |
| ८ | कम्प्यूटर अपरेटर सहायक स्तर पाँचौं ,प्राविधिक | १ | स्थानीय निकाय |
| ९ | खरिदार सहायक स्तर चौथो ,अप्राविधिक | ६ | स्थानीय निकाय |
| १० | सहायक कम्प्यूटर अपरेटर सहायक स्तर चौथो ,प्राविधिक | २ | स्थानीय निकाय |
| ११ | अमीन सहायक स्तर चौथो ,प्राविधिक | १ | स्थानीय निकाय |
| १२ | हेभी सवारी चालक | १ | स्थानीय निकाय |
| १२ | हलुका सवारी चालक | १ | स्थानीय निकाय |
| १३ | कार्यालय सहयोगी | ५ | स्थानीय निकाय |
| जम्मा | | ३१ | |

निर्णय नं. ५ :

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७१/०९/२५ को च.नं. ६१२५ को निर्देशन,यस सैनामैना नगरपालिकाको तेस्रो नगरपरिषदको निर्णय मिति २०७३/०९/०५ को नगरस्तरीय राजश्व परामर्श समितिको सिफरिस, आ.व. २०७२/०७३ को लेखापरिक्षकले औल्याए अनुसार  मालपोत र घरजग्गा करको सट्टा यसै आ.व. देखि लागु हुने गरी एकिकृत सम्पत्ती कर लागु गर्न सैनामैना नगरपालिकालाई अधिकार प्रत्यायोजन गर्न स्वीकृती गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

सैनामैना नगरपालिका कार्यालयको  आ.व. २०७०/०७१, आ.व. २०७१/०७२ र आ.व. २०७२/०७३ को सम्पूर्ण कारोवारको श्रेष्ता अन्तिम लेखा परिक्षण भइ प्राप्त भएको लेखा परिक्षण प्रतिवेदन चौथो नगर परिषदमा प्रस्तुत गरी अनुमोदन गरी लेखा परक्षकबाट औल्याइएका सुझावहरुलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.७

स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६ तथा स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ लगायत अन्य प्रचलित एन, नियम तथा कार्यविधि बमोजिम सैनामैना नगरपालिका क्षेत्रभित्र विभिन्न विषयहरुमा विषयगत समिति तथा उपसमिति र अन्य आवश्यक समति उपसमिति गठन गर्ने र नगर परिषदबाट पारित विभिन्न विनियम तथा निर्देशिका शंशोधन गर्ने लगायतका अधिकार नगरपालिका बोर्डलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

सैनामैना नगरपालिका कार्यालयको आ.व. २०७४/०७५ को विकास निर्माण आयोजनाहरुमा स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ अनुसार विनियोजित बजेटको ३ प्रतिशतले हुन आउने कन्टेन्जेन्सी रकम र ३ प्रतिशत पूर्वाधार मर्मत सम्भार विशेष कोष वापत कट्टी गर्ने, उक्त रकम कोषमा जम्मा गरी मर्मत गर्ने अवस्थामा रहेका पूर्वाधारहरु मर्मत गर्दै जाने र कन्टन्जेन्सी रकम खर्च गर्न नगरपालिका बोर्डलाई स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

स्थानीय स्वायत्त शासन ऐन २०५५ अनुसार सैनामैना नगरपालिका क्षेत्रभित्र परेका वेवारिसे शव सदगद गर्न प्रति शव रु. १०००। छाडा तथा बौलाहा कुकुर मारेको प्रति कुकुर रु. ५०।  पारिश्रमिक उपलव्ध गराउने तथा छाडा चौपाया नियन्त्रणमा सहयोग पुऱ्याउने  स्थानीय प्रशासन , स्थानीय समूदाय तथा नगरपालिका कर्मचारीलाई जरिवाना बापत संकलित रकमको ५० प्रतिशत रकम पारिश्रमिक वापत उपलव्ध गराउने गरी स्वीकृती गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

सैनामैना नगरपालिका अन्तर्गत उपयुक्त स्थानमा बहुउद्देशीय सिटिहल ,रंगशाला, बसपाक निर्माण, हाटबजार व्यवस्थापन का लागि स्थानीय साझेदार नगर विकास समिति, उद्योग वाणिज्य संघ, व्यापार संघ, जिल्ला विकास समिति, नगर विकास कोष, राष्ट्रिय तथा अन्तरराष्ट्रिय साझेदार सम्बन्धित निकायहरुमा आवश्यक आर्थिक तथा प्राविधिक प्रबन्धको लागि अनुरोध गर्नु पर्ने भएकोले सोको स्वीकृती गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

सैनामैना नगरपालिका क्षेत्रभित्र कुनै पनि सरकारी तथा गैरसरकारी क्षेत्रबाट कार्यक्रम संचालन गर्ने क्रममा सैनामैना नगरपालिका कार्यालय मार्फत बजेट निकाशा गर्नुपर्ने अवस्थामा कूल निकाशा रकमको २ प्रतिशतले हुन आउने रकम सेवा शुल्क कट्टी गर्न स्वीकृती गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ :

सैनामैना नगरपालिका क्षेत्र भित्र रहेका गैर सरकारी संस्थाहरुको प्रत्येक वर्ष नविकरण गर्दा सैनामैना नगरपालिका कार्यालयबाट लिखित सिफारिस भएमा मात्र गर्ने गराउने व्यवस्था लागु गरिदिन सम्वद्ध निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ :

सैनामैना नगरपालिकालाई नेपाल सरकारबाट जारी भएको वातावरणमैत्री स्थानीय शासन निर्देशिका २०७० बमोजिम हरित नगर बनाउनको लागी नगरपालिकाको विभिन्न वडा तथा वस्तीस्तरबाट सुझाव संकलन गरी रणनीतिक गुरुयोजना निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ :

सैनामैना नगरपालीका क्षेत्रभित्र दिनानुदिन बढ्दै गएको अव्यवथित प्लटिङ तथा जग्गा खण्डीकरण कार्यले कृषि भुमि ह्रास हुदै अव्यवथित शहरिकरण बढ्दै गएकोले सो कार्यलाई निरुत्साहित गर्न सम्पूर्ण सरोकारवालाहरुको सहयोग लिई बैधानिक जग्गा विकास प्रर्वद्धकहरुलाई मात्र स्वीकृति दिने कार्यलाई कडाइका साथ कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५ :

यस सैनामैना नगरपालिकामा लागु भएको सैनामैना भवन मापदण्ड २०७२ परिमार्जन सहित स्वीकृती गर्ने निर्णय गरियो ।

निर्णय नं. १६ :

सैनामैनाका ऐतिहासिक तथा पुरातात्वीक पर्यटकीय क्षेत्र, मल्मला क्षेत्र ,पर्रोहा परमेश्वर बोलबमधाम,कोटियामाइ लगायतका विशेष क्षेत्रहरुको संरक्षण सम्बर्द्धन र व्यवस्थापन गर्न आवश्यक स्रोत तथा साधनको लागि सम्बन्धीत निकायहरुमा माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १७ :

सैनामैना नगरपालिका कार्यालयले आ.व. २०७१/०७२ देखि नगरवासीलाई उपलव्ध गराउदै आएको सेवा तथा सुविधालाई अझ वढि प्रभावकारी वनाउदै लैजाने सन्दर्भमा नगरपालिकाबाट संचालित आयोजनाहरुको सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण कार्यक्रमको अन्तिम प्रतिवेदन माथि छलफल गर्दा सरोकारवाला लगायतसम्पुर्ण नगरवासीहरुबाट व्यक्त भएका सुझावहरुलाई सिमित श्रोत साधनहरुको उच्चतम उपयोग गर्दै क्रमश. सम्बोधन गर्दै जाने गर्ने निर्णय गरियो ।

निर्णय नं. १८ :

सैनामैना नगरपालिकामा  स्थानीय विपद् जोखिम व्यवस्थापन योजना  तर्जुमा तर्जुमा गरी सो अनुसार नगर क्षेत्र भित्र अप्रत्यासीत प्राकृतिक प्रकोपबाट पिडित नगरवासीको माग सम्बोधन गर्न विभिन्न विषयगत कार्यालयमा आवस्यक सहयोग गर्न अनुरोध गरी पठाउने र यस नगरपालिकाबाट क्षति हेरी रु. १००० देखी २००० सम्म राहत स्वरुप विपत जोखिम व्यवस्थापन कोष शिर्षकबाट उपलव्ध गराउने  निर्णय गरियो ।

निर्णय नं. १९ :

बालमैत्रि स्थानीय शासन कार्यविधि २०६८, निर्देशिका २०६९ बमोजिम बालमैत्री स्थानीय शासन अवधारणा अवलम्वन गर्ने निर्णय गरियो ।

निर्णय नं. २० :

सैनामैना नगरपालिकाको क्षेत्रको जग्गा सर्वे नापि गर्दा १ : २४०० मिटरको  नाप नक्सा भएकोमा जग्गाको बढ्दो खण्डीकरणले जग्गाको क्षेत्रफल अनुरुप नाप नक्सा गरि फिल्डमा एकिन रेखाकंन गर्न कठिनाइ भएको, नदिका बहावहरु परिवर्तन भएका र सार्वजनिक बाटोको लगत कट्टि नहुदा समस्या भएकोले नगरपालिका क्षेत्रको जग्गा १ : ५०० मिटर स्केलको मान नापमा डिजिटल म्यापिङ द्वारा पुनः नाप नक्सा गरिदिन सम्बन्धीत निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २१ :

सैनामैना नगरपालिकाको तेस्रो नगरपरिषद्बाट स्वीकृत हुने आ.व. २०७४/०७५ का बजेट अनुसारका कार्यक्रम कार्यान्वयन गर्दा कार्यान्वयन गर्न असम्भव भएको तथा बजेट घटवढ भई आएमा कार्याक्रम संसोधन गर्ने अधिकार नगरपालिका बोर्डलाई प्रत्यायोजन गर्ने साथै यस आ.व. २०७३/०७४ को न.पा. वोर्डद्धारा भएको संशोधित आय-व्यय अनुमान अनुमोदन गर्ने निर्णय गरीयो ।

निर्णय नं. २२ :

नगरपालिका क्षेत्रमा छाडा छोडिएका पशुहरुको नियन्त्रण तथा व्यवस्थापनका लागी उपयुक्त स्थानमा कान्जिहाउस संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २३ :

सैनामैना नगरपालिकाका आ.व. २०७२/०७३ मा सम्पन्न भएका तपसिलका सम्पूर्ण आयोजनाहरु अनुमोदन तथा फरफारक गर्न चौथो नगर परिषदमा पेश गर्ने निर्णय गरीयो ।

निर्णय नं. २४ :

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९ उपनियम १ र ३ बमोजिम सैनामैना नगरपालिका कार्यालयमा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको निति तथा निर्देशन बमोजिम आवश्यक पुर्वाधार निर्माण गरी नगरपालिकाको लेखा प्रोदभावी लेखा प्रणाली संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २५ :

सैनामैना नगरपालिका भित्र बसोबास गर्ने फरक क्षमता भएका नागरीकहरुलाई कार्यालयबाट उपलव्ध गराउने सेवा तथा सुविधा छिटो छरितो प्रदान गर्न अपांग मैत्री विशेष कार्यक्रम तर्जुमा गरी  कार्यान्वयन गर्ने जिम्मेवारी नगरपालिका वोर्डलाई प्रदान गर्ने निर्णय गरीयो ।

निर्णय नं. २६ :

स्वस्थ र सफा मासु आपुर्तीको लागी नगर क्षेत्र भित्र रहेका फ्रेस हाउस लाई जिल्ला पशु सेवा कार्यालय रुपन्देहीको समन्वयमा नियमित अनुगमणको व्यवस्था गरी  सुधारात्मक पहल गर्ने र दिर्घकालिन रुपमा नगरको उपयुक्त स्थानमा सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप व्यवस्थीत पशु वधशाला निर्माण तथा संचालनको लागी आवस्यक प्राविधिक तथा आर्थिक सहयोगको लागी शहरी विकास मन्त्रालयलाई अनुरोध गर्ने अधिकार नगरपालिका वोर्डलाई प्रदान गर्ने निर्णय गरीयो ।

निर्णय नं. २७ :

सैनामैना नगरपालिकाको व्यवस्थित शहरीकरणलाई टेवा दिन **GIS - Geographical Information System** प्रविधीद्धारा नक्साङ्कण गर्दै घर नम्बरिङ्ग गर्ने कार्य शुरु गरी निरन्तरता प्रदान गर्दै जाने व्यवस्थाको अधिकार नपा बोर्डलाई प्रदान गर्न स्वीकृतिको लागि चौथो नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २८ :

नगरपालिका क्षेत्र भित्र फोहोरलाई मोहरमा परिणत गरीश्रोतमै फोहोर वर्गिकरण गर्ने कार्यबाट **Zero Landfill Site** को अवधारणामा पुग्न सार्वजनिक निजी साझेदारी अवधारणा बमोजिम तोकिएका क्षेत्रमा फोहोरमैला व्यवस्थापन कार्य गर्न तोकिएको सेवा शुल्क सेवाग्राहीबाट लिई फोहोरमैला संकलन गर्न इच्छुक निजी क्षेत्रसंग सहकार्य गरी कार्यान्वयन गर्ने अधिकार नगरपालिका बोर्डलाई प्रदान गर्ने निर्णय गरीयो ।

निर्णय नं. २९ :

सैनामैना नगरपालिकाको पर्यटकिय विकासको लागी पर्यटन प्रवर्द्धन गुरुयोजना तयार गर्न संस्कृति पर्यटन तथा नागरीक उड्ययन मन्त्रालय र पर्यडन वोर्डलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३० :

आवधिक नगर योजना , नगर यातायात गुरु योजना, नगर पार्श्व चित्र, बहृत शहरी विकास गुरु योजना, नगरस्तरीय भु उपयोग योजना लगायतको गुरुयोजना, योजना, कार्यविधि, विनियम, निर्देशिका स्वीकृत गर्ने अधिकार नगरपालिका वोर्डलाई प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३१ :

सैनामैना नगरपालिकाको शहरी क्षेत्रको शौन्दर्य अभिवृद्धि गर्न र सडक वत्ति व्यवस्थापन खर्च कटौती गर्न समुदायको सहकार्यमा मुल बजारका मुल सडक शौर्य विद्युतिकरणद्धारा सेवा संचालन गर्ने नीति अवलम्वर्ने निर्णय गरियो ।

निर्णय नं. ३२ :

सैनामैना नगरपालिकाको आ.व. २०७२/०७३ का लागी विभिन्न शिर्षकहरुमा विनियोजित बजेट तथा कार्यक्रमहरुमा भएको सम्पुर्ण खर्च र दोश्रो नगरपरिषद्को निर्णय बमोजिमको बजेट तथा कार्यक्रममा नगरपालिका बोर्डद्धारा भएको संसोधनको निर्णय तथा सो निर्णय अनुसार भएका खर्चहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३३ :

सैनामैना नगरपालिकाका २०७३ पौष १३ गते सम्मको अवधिमा भए गरेका सम्पूर्ण नगरपालिका बोर्ड बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरीयो ।

निर्णय नं. ३४ :

नगरपरिषद् पश्चात नगरपरिषद्को क्षेत्राधिकार भित्र पर्ने कुनै कार्य गर्नुपर्ने भएमा सो कार्य गर्न अर्को नगर परिषद् नभएसम्म नगरपरिषद्मा निहित अधिकार नगरपालिका बोर्डलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३५ :

सैनामैना नगरपालिकाको तेस्रो नगर परिषद्मा विभिन्न क्षेत्रका तपशिलका व्यक्तिहरुलाई सम्मान गर्ने निर्णय गरीयोः

१ कर्मचारी तर्फ :
क. कार्यालय सहायक श्री कृष्ण बहादुर के.सी. रु. १०,०००। तथा सम्मान पत्र
ख. कार्यालय सहयोगी श्री टोपलाल पौडेल रु. १०,०००। तथा सम्मान पत्र
२. पत्रकार तर्फ

| | | |
|---|---|---|
| क | श्री नविन घिमिरे | रु. ५०००। तथा सम्मान पत्र |
| ख | श्री भूवन जि.सी. | रु. ५०००। तथा सम्मान पत्र |
| ग | श्री ललितकुमार पाण्डेय | रु. ३०००। तथा सम्मान पत्र |
| घ | श्री गणेश पोखेल | रु. ३०००। तथा सम्मान पत्र |
| ङ | श्री टीकाराम खरेल | रु. ३०००। तथा सम्मान पत्र |

निर्णय नं. ३६ :
यस नगरपालिका गठन हुदा गाभिएका गा.वि.स.हरु द्धारा नियुक्त भई निरन्तर रुपमा विभिन्न पदमा कार्यरत र नगरपालिका भए पश्चात यस नगरपालिका वा अन्तर्गतका अस्थायी तथा करार कर्मचारीहरुको खाइपाई आएको सुविधा निरन्तर हुने गरि अर्को व्यवस्था नहुन्जेल सम्म पुन : म्याद थप गरि कामकाजमा लगाउने गर्ने निर्णय गरियो ।

निर्णय नं. ३७ :
यस नगरपालिका अन्तर्गतका एलजिसिडिपी कार्यक्रम संयोजक र सामाजिक परिचालकहरुलाई सामाजिक परिचालनका साथसाथै नगरपालिकाको नियमीत कामकाजमा समेत उपयोग गर्नुपर्ने बाध्यात्मक स्थिती रहेकोले निजहरुलाई सञ्चार खर्च वापत प्रोत्साहन स्वरुप क्रमश रु. १५००/०० र रु. १०००/०० २०७३ माघ १ देखि लागु हुने गरी प्रति महिनाका दरले प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३८ :
यस नगरपालिका अन्तर्गतका कार्यरत भोलुन्टियर प्राविधिक कर्मचारीलाई प्रोत्साहन बापत रु. ४०००/०० २०७३ माघ १ देखि लागु हुने गरीप्रति महिनाका दरले प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३९ :
यस सैनामैना नगरपालिकामा दरबन्दीमा रहेका कर्मचारीहरुले साविकदेखि लिदै आएको सेवा सुविधालाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ४०

नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाहरुलाई नाप नक्सा गरि संरक्षण गर्ने निर्णय गरियो ।

निर्णय नं. ४१
नगर क्षेत्रका सम्पूर्ण विषयगत कार्यलय सँग समन्वय लिई कार्यक्रम गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. ४२
नगरपालीका स्तरीय बालकोषको स्थापना गरि बालबालिकाको लागि विनियोजित बजेट यसै कोषमा राखि खर्च गर्ने अधिकार नगरपालिका बोर्डलाई दिने निर्णय गरियो ।

निर्णय नं. ४३
नगरपालिककाको आवधिक योजना, बाल लगानी योजना तथा नगर बाल मैत्रि स्थानिय शासन रणनैनिक योजना निर्माण गर्न नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४४
नगर क्षेत्र भित्र सिपमुलक तथा दक्ष जनशक्तिको खाचो परिपूर्ति गर्न ग्रिल तथा ओयल्डिङ्ग,वेटर, सिलाइ कटाई लगायत सिप मुलक  सम्बन्धी तालिम दिन घरेलु तथा साना उद्योग समिति रुपन्देहीलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४५

गस सैनामैना नगरपालिकाको अस्थायी प्रकृतिको सेवाको लागि सेवा करारमा लिइ कामकाज गराउने अधिकार नगरपालिका बोर्डलाई दिने गर्ने निर्णय गरियो ।

निर्णय नं. ४६

यस सैनामैना नगरपालिकाको श्रोतले नभ्याउने तपसिलका योजनाहरु जिल्ला विकास समिति र केन्द्रीय निकायमा माग गर्ने निर्णय गरियो ।